**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २२ गते आइतबार ❑ 6 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## मुलुकमा गणतन्त्रको स्थापना गर्न स्व कोइरालाले भूमिका महत्वपूर्ण छ: सभापति देउवा

**रासस**
काठमाडौं, २१ असार



नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न स्व गिरिजाप्रसाद कोइरालाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको बताउनुभएको छ।

जय नेपाल इन्टरनेसनल फाउण्डेसनले स्व कोइरालाको जन्मजयन्तीका अवसरमा आज आयोजना गरेको कार्यक्रममा उहाँले मुलुकमा गणतन्त्रको स्थापना गर्न स्व कोइरालाको भूमिका महत्त्पूर्ण रहेकाले यसलाई भावी पुस्ताले पनि स्मरण गर्ने धारणा राख्नुभयो। अहिले मुलुक गणतन्त्रलाई सुदृढीकरण गर्दै आर्थिक सामाजिक रुपान्तरणको यात्रामा अघि बढिरहेको उहाँले उल्लेख गर्नुभयो। "गिरिजाबाबु नभएको भए मुलुकमा अहिल्यै गणतन्त्र आउने थिएन, गणतन्त्र ल्याउन उहाँले हिम्मत गर्नुभयो, जनमत सिर्जना गर्नुभयो", सभापति देउवाले भन्नुभयो, "यद्यपि, अहिले केही समस्या छन्, तिनलाई समाधान गर्दै लैजानुपर्छ।" समावेशी राजनीतिक प्रणालीले सबै वर्ग, क्षेत्र र समुदायको राज्य संयन्त्रमा प्रतिनिधित्व सुनिश्चित गरेको जनाउँदै उहाँले मुलुकलाई आथिक रूपमा सम्पन्न बनाएर जनतालाई त्यसको लाभ दिलाउन सबै दल क्रियाशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। कांग्रेस वरिष्ठ नेता डा शेखर कोइरालाले हरेक कालखण्डमा मुलुकको राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको पार्टीले अब आर्थिक सामाजिक रुपान्तरणको पनि नेतृत्व गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। "प्रजातन्त्र स्थापना, पञ्चायत र राजतन्त्र अन्त्य तथा संविधान निर्माणमा कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। कांग्रेसको नेतृत्वमा संविधान कार्यान्वयन गरी मुलुकलाई समृद्धिको मार्ग अघि बढाउनुपर्छ", उहाँले भन्नुभयो। उहाँले हरित ऊर्जा, आधुनिक कृषि प्रणाली, उन्नत बाली प्रवर्द्धन तथा किसानलाई प्रविधिसँग जोड्न विशेष योजना ल्याउनुपर्नेमा जोड दिँदै धार्मिक, सांस्कृतिक, आध्यात्मिक र साहसिक पर्यटन प्रवर्द्धन गरी मुलुकलाई समृद्धिको यात्रामा अघि बढाउनुपर्ने बताउनुभयो।

कांग्रेस नेता एवं युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले गिरिजाबाबु क्रान्ति र शान्तिको नायकका रूपमा रहनुभएको बताउनभुयो। "गिरिजाबाबु जे बोल्नुहुन्थ्यो, त्यो गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो। मन्त्री चौधरीले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामाविजेताखेलाडीलाई प्रोत्साहित गर्न सरकारले विभिन्न पुरस्कार र सम्मानको व्यवस्था गरेको जानकारी दिनुभयो। कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना)ले जनताको सङ्घर्षको माध्यमबाट प्राप्त राजनीतिक उपलब्धिलाई सुदृढ गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिनुभभयो। उहाँले संविधानमा भएको जनअधिकार कार्यान्वयन गर्न एकजुट हुनुपर्ने उल्लेख गर्दै राजनीतिमा युवा पुस्ताको सहभागिता अनिवार्य रहेको धारणा राख्नुभयो। कार्यक्रममा सभापति देउवाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगिताका विजेता नेपाली खेलाडी तथा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा विजयी उम्मेदवारलाई सम्मान गर्नुभएको थियो।

## गण्डकी प्रदेशमा घट्दै बर्खे धान खेती

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

गण्डकी प्रदेशमा बर्खे धान बालीको क्षेत्रफल घट्दै गएको पाइएको छ।

आर्थिक वर्ष २०७९/८० मा ९७ हजार ७६९ हेक्टरमा धानखेती गरिएकामा गत वर्ष रोपाइँको क्षेत्रफल घटेर ९६ हजार ५३ हेक्टर पुगेको हो। यस वर्ष भने ९४ हजार १८२ हेक्टरमा धान रोपाइँ हुने प्रदेश कृषि विकास निर्देशनालयको अनुमान छ।

घरघडेरीले उब्जाउ क्षेत्र नासिनु, जग्गाको खण्डीकरण, जग्गा बाँझो रहनु, तीव्र बस्ती विस्तार जस्ता कारणले धानखेती घट्दै गएको निर्देशनालयले जनाएको छ। रोपाइँको क्षेत्रफल घटेपनि धानको उत्पादकत्व भने बढेको पाइएको छ। दुई वर्षअघि प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा गत वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको थियो। अनुकूल हावापानी, रासायनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्नत बिउविजन आदि कारणले धानको उत्पादकत्व बढ्ने गरेको निर्देशनालयका कृषि अर्थ विज्ञ मनोज पौडेलले बताउनुभयो। मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा बर्खे र चैतै धान खेती हुँदै आएको छ। प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ।

नवलपुर, कास्की, स्याङ्जा, तनहुँलगायत जिल्लामा धान बाली बढी लगाइन्छ। गोरखाको छेवेटार, पालुङटार, आरुघाट, सिरानचोक, लमजुङमा धमिलीकुवा, हर्राबोट, भोर्लेटार, करापुटार, तनहुँको चुँदीफाँट, सत्रसय फाँट, कलेस्तीफाँट, कास्कीको मकैखोला, हाँडीखोला, पामे र लेखनाथ धानको पकेट क्षेत्र हुन्। पर्वतको फलेबास, जलजला, स्याङ्जाको पुतलीबजार, आँधीखोला, गल्याङ, म्याग्दीको भगवती, पिप्ले, घतान, बागलुङको बडिगाड, गलकोट, जैमिनी र नवलपुरको कावासोती, गैँडाकोटलगायतलाई धानका पकेट क्षेत्र तोकिएको छ। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ।

यही असार १५ सम्म प्रदेशमा २६ हजार पाँच सय ६२ हेक्टरमा रोपाइँ भइसकेको छ। जुन २८ दशमलव २० प्रतिशत हो। सबैभन्दा बढी बागलुङमा ४५ प्रतिशत, कास्कीमा ४३, म्याग्दीमा ३४, लमजुङमा ३४, नवलपुरमा २९, पर्वतमा २५, तनहुँमा १८, स्याङ्जामा १८ र गोरखामा १० प्रतिशत रोपाइँ भएको हो। वर्षा कम हुँदा र पानीका मुल नफुटेका कारण अपेक्षित रूपमा रोपाइँ हुन नसकेको निर्देशनालयका कृषि अर्थ विज्ञ पौडेलले बताउनुभयो।

"यही असार १५ गतेसम्मको अवस्था हेर्दा गत वर्षको तुलनामा कम रोपाइँ भएको देखिन्छ", उहाँले भन्नुभयो, "बाह्रैमास सिँचाइ सुविधा भएका ठाउँमा रोपाइँ भइसकेको छ, आकाशे पानीमा निर्भर हुनुपर्ने ठाउँमा अपेक्षित रूपमा वर्षा नहुँदा रोपाइँ ढिलो भइरहेको छ।" वर्षाले साथ दिएमा असार अन्त्यसम्ममा अधिकांश क्षेत्रको रोपाइँ सकिने उहाँको भनाइ छ। गण्डकीमा असार र चैतमा गरी दुई याममा रोपाइँ हुने गरेको छ।

## 'कुलिङ पिरियड'सम्बन्धमा छानबिन गर्न सात सदस्यीय समिति गठन गरिने

**रासस**
काठमाडौं, २१ असार

प्रमुख राजनीतिक दलबीच सङ्घीय निजामती विधेयकमा 'कुलिङ पिरियड'का सम्बन्धमा उठेका प्रश्न र विवादित विषयमा छानबिन गर्न संसदीय विशेष समिति गठन गर्ने सहमति भएको छ।

सभामुख देवराज घिमिरे निवासमा शनिबार प्रमुख पाँच राजनीतिक दलका प्रमुख सचेतक र सचेतकबीच भएको छलफलबाट सात सदस्यीय छानबिन समिति गठन गर्ने सहमति भएको राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले जानकारी दिनुभयो।

समितिमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट दुई/दुई तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट एक/एक जना सांसद रहनेछन्। समितिलाई गठन भएको २१ दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यदेश हुनेछ।

यही असार २३ गते कार्यव्यवस्था परामर्श समितिबाट समितिमा रहने सांसदको नाम टुङ्ग्याएर प्रतिनिधिसभा बैठकमा प्रस्तुत गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो। प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिबाट निजामती विधेयकमा दुई वर्षका लागि कुलिङ पिरियड राख्ने सहमति भएकामा सभाबाट पारित भइसकेपछि सोसम्बन्धी व्यवस्था विधेयकमा फरक ढङ्गले प्रस्तुत भएको भन्ने विषयमा छानबिनका लागि सो समिति गठन गर्न लागिएको हो।

## 'खेमा लिपि' संरक्षणमा पहल गरिँदै

**पोखरापत्र संवाददाता**
वालिङ, २१ असार

पछिल्लो समय गुरुङ समुदायका मानिसले लेख्ने खेमा लिपिको प्रयोग हराउँदै जान थालेपछि संरक्षणका लागि पहल थालिएको छ।

आधुनिकतासँगै पछिल्लो समय नयाँ पुस्तामा खेमा लिपिको प्रयोगमा कमी हुँदै जाँदा भाषा तथा लिपिको प्रयोग हराउने जोखिम बढेपछि यसको संरक्षणका लागि वालिङ नगरपालिका र तमु ह्युल छोजधौँ स्याङ्जाले संरक्षणको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## जनै बनाउने सीपको पुस्तान्तरणको चिन्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार




यस वर्ष जनैपूर्णिमा साउनको २४ गते परेको छ। जनैपूर्णिमा आउन एक महिनाभन्दा बढी समय बाँकी नै रहँदा पोखरा महानगरपालिका वडा नं ३२ का ८० वर्षीय कृष्णप्रसाद अधिकारीसहित यहाँका चार जना ज्येष्ठ नागरिकलाई भने यतिखेर जनै बनाउन भ्याइनभ्याइ छ।

जनै बनाउने सीप पछिल्ला पुस्तामा पुस्तान्तरण नभएको चिन्ता गर्ने ८० वर्षीय कृष्णप्रसादसहित यहाँका ७० वर्षीय गुरुप्रसाद पौडेल, ६९ वर्षीय गोविन्द कोइराला र ६७ वर्षीय कृष्णराज अधिकारी दिउँसो एकै स्थानमा बसेर नियमपूर्वक जनै बनाउनमा व्यस्त हुनुहुन्छ। नियमपूर्वक बाटिएका जनै जनैपूर्णिमाको दिन विधिपूर्वक संस्कार गरेपछि मात्रै लगाउने प्रचलन छ। उहाँहरूले जनै बनाउनका लागि दिउँसो जम्मा हुने ठाउँ पोखरा महानगरपालिका वडा नं ३२ स्कुलटोलस्थित पुरानो गाउँको चौतारो हो। चौतारामा जनै बनाउन व्यस्त देखिने उहाँहरूबाट जनै बनाउन सिक्नका लागि फाट्टफुट्ट अरु पनि आउने गरेका छन्। सिक्न र जान्न चाहने जो कोहीलाई आफूले सकेसम्म बुझाएर सिकाएर पठाउने गरेको ८० वर्षीय अधिकारीले बताउनुभयो। राम्रोसँग बुझ्न र सिक्न भने समय लाग्ने उहाँको भनाइ छ। आफूहरूले बनाएका जनै बेच्नेभन्दा पनि आफ्ना घरपरिवारमा वर्षभरिमा चाहिने जनै पुऱ्याउने उहाँहरूो लक्ष्य छ। अधिकारीका अनुसार नियमपूर्वक जनै बनाउन त्यति सजिलो छैन। जनै बनाउनका लागि सुरुमा काँचो धागोलाई सानो चर्खाको सहायताले सँगाल्ने गरिन्छ। सँगाल्नका लागि कतुवाको प्रयोग हुने बताउँदै उहाँले काँचो धागो बाटेपछि जनैको डोरा तयार गरिने जानकारी दिनुभयो। यसरी बनेका डोरालाई तीन पटकसम्म पट्याएपछि त्यसमा शिखा पार्ने गरिन्छ। शिखालाई 'ब्रम्ह ग्रन्थी' भन्ने गरिन्छ। जनैमा हुने २७ वटा सरालाई अश्विनी, भरणीलगायतका २७ नक्षत्रको प्रतीक मानिने उहाँले जानकारी दिनुभयो। जनै लगाइसकेपछि नियमपूर्वक बनाएर संस्कार गरिएका मात्रै लगाउनुपर्ने बताउँदै उहाँले त्यसकोआफैँमाविशिष्टसांस्कृतिक महत्व रहेको उल्लेख गर्नुभयो। "मेरो नौ वर्षको उमेरमा ब्रतबन्ध भएको हो, त्यस यता मैले आफूले बाटेको जनैमात्रै लगाउने गरेको छु", उहाँले भन्नुभयो, "सुरुमा बुबाबाट सिकेको जनै बनाउने सीप १० वर्षको भएयता आफैँले निरन्तर बनाउने गरेको छु।" आफ्ना परिवारका सदस्य एवं वर्षभरि आवश्यकपर्ने जनै आफैँले बाटेर तयार गर्ने गरेको उहाँको भनाइ छ। अधिकारी जस्तै ६९ वर्षीय गोविन्द कोइरालाले पनि आफूले सात वर्षमा ब्रतबन्ध गरेदेखि आफैँले बाटेर बनाएको जनै लगाउने गरेको बताउनुहुन्छ। नियमपूर्वक जनै बनाउन समय लाग्ने बताउँदै उहाँले दिनमा बढीमा १० जोरसम्म मात्रै बनाउन सकिने अनुभव सुनाउनुभयो। नियम पुऱ्याएर बाटिएको जनैको पारिश्रमिक स्वाभाविक रूपमा अन्य बजारमा पाइनेको तुलनामा धेरै मूल्यपर्ने उहाँको भनाइ छ।


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# महिला टी २० क्रिकेटको उपाधि स्याङ्‌जालाई

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

स्याङजा जिल्लाले गण्डकी प्रदेश टी २० महिला क्रिकेट प्रतियोगिताको उपाधि दोस्रो पटक जितेको छ।

प्रादेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा जारी प्रतियोगिताको फाइनलमा शनिबार कास्की जिल्लालाई ७ विकेटले हराउँदै लगातार दोस्रो उपाधि चुमेको हो। उपाधिसँगै स्याङजाले नगद १ लाख रुपैयाँ हात पारेको छ भने उपविजेता कास्कीले ५० हजार रुपैयाँ प्राप्त गरेको छ।




५७ रनको विजयी लक्ष्य पाएको स्याङजाले १०.३ ओभरमा ३ विकेट गुमाउँदै ६० रनका साथ लक्ष्य पुरा गर्‍यो । स्याङजाका लागि सिमाना केसीले १७ रनको अविजित पारी खेलिन् । उनले २२ बलमा १ चौका प्रहार गरिन्। कुशुम गोदार ११ रनमा अविजित रहिन् । उनले १३ बलमा १ चौका प्रहार गरिन् । ओपनर श्रेया शाह ५, सलिना सेन ६, ज्योत्सनिका मरासिनी ६ रनमा आउट भइन्। कास्कीका लागि रचना चौधरी र यशोदा भुजेलले समान १/१ विकेट लिए । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको कास्कीले १६ ओभरमा अलआउट हुँदै ५६ रनमात्रै जोड्न सफल भयो । कास्कीका लागि रेखा तामाङले २४ र रचना चौधरीले १४ बाहेक अन्य ब्याटरले दोहोरो रन बनाउन सकेनन्। रेखाले २८ बलमा २ चौका र १ छक्का प्रहार गरिन्। रचनाले २५ बलमा २ चौका प्रहार गरिन् । ओपनर सिर्जना पौडेल ५, विनिता नेपाली, शिखा दवाडी र रिया तामाङ शुन्यमा आउट भए । विनिता सिग्देल २, चन्द्रमाया बराल २ रनमा आउट हुँदा यशोदा भुजेल, सुशिला डिम्टुक पनि शुन्यमै पेभिलियन फर्किए । सोनिमा पुन मगर शुन्यमा नटआउट रहिन् । स्याङ्‌जाका लागि अपेक्षा बुढाथोकीले ३ ओभरमा ६ रन खर्चेर सर्वाधिक ४ विकेट लिइन् । सिमाना केसीले ४ ओभरमा १३ रन खर्चेर ३ विकेट लिइन् । स्याङजाकी सिमाना केसी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनी खेलको वुमन अफदी म्याचसँगै उत्कृष्ट बलर समेत घोषित भइन्। कास्कीका सिर्जना पौडेल उत्कृष्ट ब्याटर र सोनिमा पुन मगर उदियमान खेलाडी घोषित भइन् । चार दिनसम्म चलेको प्रतियोगितामा स्याङ्‌जा, कास्की, नवलपुर र पर्वतको सहभागिता रहेको थियो।

# अखिल नेपाल लेखक संघ, गण्डकीमा काव्य गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

अखिल नेपाल लेखक संघ, गण्डकी प्रदेश समितिको आयोजनामा शनिबार पोखरामा काव्य गोष्ठी सम्पन्न भएको छ।

गोष्ठीका प्रमुख वक्ताहरु लेखक संघका केन्द्रीय उपाध्यक्ष प्राज्ञ नारायण मरासिनी, लेखक संघका केन्द्रीय सदस्य तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद सदस्य त्रैलोक्यमान बनेपाली (अगिब), नेकपा माओवादी गण्डकी प्रदेशका कोषाध्यक्ष ताराप्रसाद भुसाल, जनसांस्कृतिक महासंघ, गण्डकीका इन्चार्ज मणिचन्द्र कँडेल 'गोविन्द' लगायतले प्रगतिवादी लेखन क्षेत्रको कालक्रमिक विकास र देखापरेका समस्या एवम् चुनौतीका बारेमा मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँहरुले प्रगतिवादी लेखकहरुका सिर्जनामा वर्ग सचेतताका साथ कला र विचारको तालमेल हुनुपर्नेमा जोड दिनुभएको थियो।




उक्त गोष्ठीमा लेखक संघकी केन्द्रीय सदस्य अम्बिका भण्डारी, जनसांस्कृतिक महासंघ, कास्कीकी अध्यक्ष रञ्जना राई, रुपिन्द्र प्रभावी ' कटु', सुरज उपाध्याय, काजी गाउँले, कृष्णप्रसाद गौतम, दामोदर संजेल, सङ्केत आचार्य, गोपालप्रसाद अधिकारी, सुवास पौडेल, बलराम पोख्रेल लगायतले रचना वाचन गर्नुभएको थियो भने लेखक संघका केन्द्रीय सदस्य एवम् गण्डकीका उपाध्यक्ष प्राज्ञ दुर्गानारायण ढकालले स्वागत गर्नुभएको थियो।

लेखक संघ गण्डकीका सह-सचिव तथा कास्कीका अध्यक्ष रामजीप्रसाद आचार्यले सञ्चालन गरेको उक्त गोष्ठीको अध्यक्षता संघको गण्डकीका अध्यक्ष तथा केन्द्रीय सचिव भीम रानाभाटबाट भएको थियो।

# ५ किलोमिटर सञ्चारकर्मी दौडमा दिलिप थारु र सरिता गुरुङ प्रथम

पोखरापत्र संवाददाता
गण्डकी, २१ असार

पोखरामा शनिबार सम्पन्न ५ किलोमिटर सञ्चारकर्मी सडक दौडमा दिलिप थारु र महिला तर्फ सरिता गुरुङ प्रथम भएका छन्।

समाधान दैनिकका थारुले २१ मिनेट ०७ सेकेण्डमा दौड पुरा गर्दा प्रमुख मिडियाकी सरिता गुरुङले ३० मिनेट ४३.०६ सेकेण्डमा फिनिश लाइन पार गरिन् । त्यसैगरी, गोल नेपालका अर्जुन हिताङले २२ मिनेट १३ सेकेण्डमा दौड पुरा गर्दै पुरुषतर्फ दोस्रो स्थान पाए भने समाधान दैनिककै भिमपाणी बराल तेस्रो भए। पब्लिक फोरके टिभिका रिखीराम जिशी चौथो र मयुर टाइम्सका प्रविन मगर पाँचौं स्थानमा परे । महिला समूहमा भने कास्की पत्रकार महासंघकी उपाध्यक्ष कन्चन थापा कोइराला दोस्रो, प्राइम टिभीकी अनिता घिमिरे तेस्रो र मयुर टाइम्सकी प्रशन्ना मानन्धर चौथो स्थानमा रहिन्। त्यसैगरी, मासिक रुपमा हुँदै आएको नियमित छात्र-छात्रा ५ किमि दौडमा छोरेपाटन माविका तिल बहादुर परियार पहिलो, प्रकाश थिङ दोस्रो र आयुष सुनार तेस्रो भए। विष्णु पादुकाका विष्णु परियार चौथो र बराह माविका सुमन ढुङ्गाना पाँचौं भए।



छात्रातर्फ मेघराज माविकी एन्जिला जिटीले पहिलो स्थान हात पारिन् भने श्रीकृष्ण माविकी स्मृति विक दोस्रो, अमरसिंह माविकी एलिना कार्की तेस्रो र सेन्ट मेरिजकी उपासना जोइ गुरुङ चौथो स्थानमा आइन्।

कार्यक्रमका विजेताहरूलाई अग्रज पत्रकार नारायण कार्की, बद्रि विनोद प्रतिक, कृष्ण प्रसाद बाँस्तोला, मञ्चका सल्लाहकार तिलक केसी, संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट लगायतले पदक, प्रमाणपत्र र गिफ्ट ह्याम्पर प्रदान गरे । मञ्चका महासचिव केशव पाठकले बताएअनुसार, '१२ महिना १२ कार्यक्रम' योजना अन्तर्गत यो दौड आयोजना गरिएको हो । मञ्चले हरेक वर्ष फागुन महिनाको पहिलो शनिबार ४२ किमिको पोखरा म्याराथन प्रतियोगिता पनि आयोजना गर्दै आएको छ।

# नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाको रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाको रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा पोखरा १२ उपशाखाका सभापति इन्दिरा पन्त आचार्यले ५० युनिट रगत संकलन भएको बताइन ।कार्यक्रममा बोल्दै आचार्यले रक्तदान जीवनदान भएको र रगत दिदा मानिस स्वास्थ रहने बताईन । नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाको आयोजना एवं मार्गदर्शन एकेडेमीको व्यवस्थापनमा र स्थानीय संघसंस्थाको सहयोगमा भएको रक्तदान कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाश बहादुर केसीले रक्तदान भनेको केवल रगत दिने कुरा मात्र नभई मानव जीवन जोगाउने महान कर्म भएको बताए। हामीले दिएको एक युनिट रगतले दुर्घटनामा परेका, उपचारका लागि रगत चाहिने, वा जटिल रोगहरूसँग जुधिरहेका व्यक्तिहरूको जीवन जोगिन बताए । मन्त्री केसीले रक्तदान कुनै साधारण कार्य नभई सहास सहयोग र समाज प्रति जिम्मेवारीको प्रतिक भएको बताए । मन्त्री केसीले रगत कुनै कारखानामा बन्ने बस्तु नभई, एक स्वस्थ व्यक्तिबाट अकी व्यक्तिमा पुग्ने जीवनरेखा भएको हुदा रक्तदान गर्न सक्ने अवस्थामा भएको व्यक्तिले, एकदिन मात्र नभई यस्तो अवसरलाई नछुटाउन अनुरोध गरे। रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका कोषाध्यक्ष मोहनसिंह खडका, मार्गदर्शन एकेडेमीमा संचालक पुरण श्रेष्ठ ,सल्लाहकार सुर्यप्रसाद आचार्य, निवर्तमान अध्यक्ष कृष्णराज आचार्य लगाएतको उपस्थिति रहेका थिए । उपशाखाका सभापति रामकुमार अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रकाश सेढाईंले गरेका थिए। सिद्धान्त बाचन उपसचिव आइतराम विश्वकर्मा बाट भएको थियो।




# गण्डकी टोस्टमास्टर्स क्लबको अध्यक्षमा आदित्यदेव प्रजु चयन

पोखरापत्र संवाददाता
पोखरा, २१ असार

गण्डकी टोस्टमास्टर्स क्लबको अध्यक्षमा आदित्य देव प्रजु सर्वसम्मत चयन भएका छन्। पोखरामा सम्पन्न सातौ वार्षिक अधिवेशनले प्रजुको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यष शिक्षामा संभना पराजुली, उपाध्यक्ष सदस्यमा सुप्रिति श्रेष्ठ, उपाध्यक्ष रजनी बराल, सचिबमा विष्णुप्रसाद तिमिल्सिना, कोषाध्यक्षमा अनमोल बज्रचार्य र सर्जन आर्मसमा डा. मुकेश मल्लीक चयन भए।

क्लबका सस्थापक अध्यक्ष तथा निर्वाचन समितिका संयोजक प्रकाशदेव पालिखेले सस्था स्थापना गर्दा र सस्थाले गर्नु पर्ने कामका बारेमा जानकारी दिए । उनले सस्थाले व्यक्तिको नेतृत्व विकासमा उल्लेख्य काम गरेको बताए । त्यसै गरी नेपाल युवा उद्यमी मञ्च पोखराका अध्यक्ष समेज राजभण्डारीले संस्थाले युवाहरु बोल्न क्षेमता बढाउने काममा लागेको बताए।




नयाँ पदाधिकारीहरूलाई क्लबका निवर्तमान अध्यक्ष श्रीविद्या रघुनन्दन कायस्तले नयाँ कार्य समितिलाई शुभकामना व्यक्त गर्दै आफ्नों कार्यकाल सफल पार्न सहयोग गर्नेलाई दिइन्। टोष्टमास्टर्स अफ द इयर, राइजिङ्ग स्टार, अनटोल्ड हिरो, स्पिकर अफ द इयर तथा अन्य उपाधि घोषित भएकाहरुलाई पुरस्कार वितरण गरेका थिए । उनीहरुलाई क्लबका संस्थापक अध्यक्ष प्रकाशदेव पालिखे, पुर्व अध्यक्ष वैभव पौडेल लगाएतले पुरस्कृत व्यक्तित्वहरूलाई सम्मान गरे।

नव निर्वाचीत अध्यक्ष आदित्य देव प्रजु दक्षिण एशियामा विकास हुन नसक्नुका कारणहरु प्रस्तुत गर्दै बालबालिकाको शिक्षा प्रणाली सुधार गर्नु पर्ने बताए। उनले नेपाल सहित दक्षिण एशियाका बालबालिकाको शिक्षा प्रणाली सुधार गर्न सके अन्य विकसी देश जस्तै अगाडी बढ्न सकिने बताए।

## जनै ...

पछिल्ला पुस्तामा जनै बनाउने सीपको पुस्तान्तरण हुन नसकेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो। ६७ वर्षीय कृष्णराज अधिकारी आमासँग सानो उमेरमा किला गाडेर जनै बनाएका धेरै अनुभव रहेको सुनाउनुहुन्छ। जनै लगाउनेले बाटेर बनाइएका जनै नै लगाउनु उपयुक्त हुने उहाँको सुझाव छ । हाम्रा प्राचीन संस्कार र संस्कृतिको जगेर्ना गर्दै यसको पुस्तान्तरण आवश्यक रहेको उहाँले बताउनुभयो। संस्कार र संस्कृतिलाई भावी पुस्तासम्म पुस्तान्तरण गर्दै जानसकेमा हाम्रा सांस्कृतिक रीतिरिवाज र परम्पराको जगेर्ना हुने गुरुप्रसाद पौडेलको भनाइ छ। नियमपूर्वक बनाएर विधिपूर्वक संस्कार गरिएका जनैको आफैँमा विशिष्ट महत्व रहेको उल्लेख गर्दै उहाँले नयाँ पुस्तालाई सीप सिकाउँदै सकेसम्म नियमपूर्वक बाटिएका जनै लगाउन अभिप्रेरित गर्नुपर्ने धारणा राख्नुभयो।

## खेमा लिपि ...

पहल थालेका हुन्।

नयाँ पुस्तालाई भाषा तथा लिपिका बारेमा प्रशिक्षण दिनेगरी नेपालमा पहिलोपटक वालिङमा नगरस्तरीय खेमा लिपिसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम दिइएको तमु ह्युला छोजधीं गण्डकी प्रदेशका अध्यक्ष एवं वालिङ नगरपालिकाका प्रवक्ता पदमराज गुरुङले बताउनुभयो। स्याङ्‌जाको वालिङ नगरपालिका-४ बस्यानी निवासी पिमबहादुर गुरुङले खोज अनुसन्धान गरी खेमा लिपि प्रयोगमा ल्याउनुभएको उहाँले बताउनुभयो । "खेमा लिपिको उत्पत्ति पनि वालिङबाटै भएकाले अब यसको संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने देखेपछि संरक्षणमा जुटेका हौँ", उहाँले भन्नुभयो, "अब यो लिपिलाई प्रशिक्षित प्रशिक्षकमार्फत विद्यालय तथा टोलटोलमा पुऱ्याउँछौँ ।" भाषा तथा लिपिको संरक्षणका लागि पनि नयाँ पुस्तामा पुस्तान्तरण हुँदै जान जरुरी रहेको प्रवक्ता गुरुङले बताउनुभयो। लिपिबिना भाषाको अस्तित्व नरहने भएकाले लिपिको प्रयोगमा जोड दिइएको तमु भाषा तथा खेमा लिपिका अभियान्ता भीम गुरुङले बताउनुभयो। आफ्नो भाषा, कला, संस्कार संस्कृतिको संरक्षण र जगेर्ना गर्दै नयाँ पुस्तामा पुस्तान्तरण गर्दै अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता रहेको उहाँको भनाइ छ। "खेमा लिपिसम्बन्धी प्रशिक्षणलाई हामीले देशव्यापी रूपमा लैजान्छौँ", अभियान्ता गुरुङले भन्नुभयो, "वालिङमा हामीले सामुदायिक तथा संस्थागत विद्यालयमा अध्यापनरत शिक्षक/शिक्षिकालाई प्रशिक्षक प्रशिक्षण गरेका हौँ।"

गुरुङ समुदायको ग्रन्थमा उल्लेख गरिएको यस भाषालाई लिपिबद्ध गर्न पनि प्रशिक्षक प्रशिक्षणले महत्त्वपूर्ण सहयोग पुऱ्याउने अभियान्ता गुरुङले विश्वास व्यक्त गर्नुभयो । ग्रन्थ लिपिबद्ध हुने भएपछि गुरुङ समुदायमा हौसला छाएको उहाँको भनाइ छ। राष्ट्रिय भाषा आयोगमा खेमा लिपि दर्ता भएको गुरुङ भाषालाई मान्यता दिने, कामकाजी भाषाका रूपमा प्रयोग गर्ने, पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेकाले यसको संरक्षणमा टेवा पुगेको अभियान्ता गुरुङले बताउनुभयो।

प्रशिक्षक प्रशिक्षणमा सहभागी भएर लिपिका बारेमा विस्तृत जान्ने/बुझ्ने अवसर प्राप्त भएको लक्ष्मी गुरुङले बताउनुभयो। आफ्नो भाषा, लिपि, कला, संस्कार, संस्कृतिका बारेमा नयाँ पुस्तालाई सिकाएर भाषा तथा लिपिको संरक्षणमा लाग्ने उहाँको भनाइ छ। लक्ष्मी गुरुङजस्तै अन्य ५६ जनाले तमु भाषा तथा लिपिका बारेमा ज्ञान हासिल गरेर प्रशिक्षित हुनुभएको हो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ । – अज्ञात

**सम्पादकीय**

# जलवायु परिवर्तनका मुद्धा उठाऊ

जलवायु परिवर्तनले विश्वभरि जस्तै नेपालमा पनि गम्भीर प्रभाव पारिरहेको छ । हिमाली, पहाडी र तराई भू-भाग रहेको नेपाल जलवायु परिवर्तनप्रति अत्यन्त संवेदनशील राष्ट्र मानिन्छ। विश्व तापमान वृद्धिको असरस्वरूप यहाँको मौसम चक्रमा अनियमितता आएको छ ।, जसले वर्षा, हिमपात, बाढी, पहिरो तथा खडेरीको घटनामा तीव्रता ल्याएको छ । जलवायु आएको परिवर्तनले नेपालको अर्थतन्त्रमा बढी प्रभाव पारेको छ ।

नेपालको अर्थतन्त्र मुख्यतः कृषि, पर्यटन र जलस्रोतमा आधारित छ । जलवायु परिवर्तनले यी तीनै क्षेत्र प्रभावित पारिरहेको छ । कृषि उत्पादनमा समयमै वर्षा नहुनु वा अत्यधिक वर्षा तथा खडेरीका कारण अन्न उत्पादन घट्दो छ । नेपालले खाद्यान्न आयात गर्नुपर्नेछ । ठूलो धनराशि खर्चनु परेको छ । फलस्वरूप खाद्य सुरक्षामा चुनौती बढेको छ । नेपालले कमाउने भनेको पर्यटनबाट हो । पर्यटन क्षेत्रमा हिमनदीहरू पग्लँदा ट्रेकिङ मार्गहरू जोखिमपूर्ण बन्दै गएका छन् । विदेशमा नेपालको पर्यटनका बारेमा नकारात्मक सन्देश जाने खतरा बढेको छ । जस्ले गर्दा उठ्न लागेको पर्यटन क्षेत्रमा असर पुग्ने देखिन्छ । नेपालले विदेश निर्यात गर्ने भनेको ग्रिन ईनर्जी हो । नदि र खोलामा बनेका जलविद्युत आयोजना वर्षामा बाढीले क्षति पुर्याउने र हिउँदमा पानी नहुँदा उत्पादन ज्यादै कम हुने गरेको छ । जलविद्युत् आयोजनाहरूमा बाढी वा सुक्खा असर देखिन थालेको छ । यी सबैले अर्थतन्त्रमा नकारात्मक असर पुर्याएका छन् ।

जलवायु परिवर्तनको असर पछिल्लो समयमा पुर्वाधार विकासमा चुनौतिहरू खडा भएका छन । जलवायु सम्बन्धी विपद्ले स्थानीय संरचनाहरू ध्वस्त पार्ने, पूर्वाधार क्षति पुर्याउने, जनधनको क्षति गर्नेजस्ता प्रत्यक्ष प्रभाव त छन् नै, साथै लामो समयसम्मको विकास रणनीतिमा पनि असर पुऱ्याउँछ । जलवायु अनुकूल विकास योजनाको अभाव, वित्तीय स्रोतको सीमितता र जनचेतनाको कमीकै कारण विकास लक्ष्य हासिल गर्न कठिन भइरहेको छ । हामीले विश्व समुदायसँग गरेका वाचा कार्यान्वयनमा असर पर्न जानेछ ।

जलवायु परिवर्तनले वहुक्षेत्रमा प्रभाव पार्दै लगेको छ । जलवायु परिवर्तनको असरबाट जोगिने उपायको खोजीका लागि सञ्चार माध्यमको भूमिकालाई गम्भीरतासाथ लिनुपर्छ । सञ्चार माध्यम जलवायु परिवर्तन सम्बन्धी जानकारी फैलाउन र जनचेतना अभिवृद्धि गर्न अत्यन्तै महत्वपूर्ण माध्यम हो । मिडियाले वैज्ञानिक तथ्यहरूलाई सरल भाषामा प्रस्तुत गरी सर्वसाधारणमा सूचना प्रवाह गर्न सक्छ । स्थानीय स्तरका जलवायु प्रभावका कथाहरू उजागर गर्न, नीति निर्माता र नागरिकबीच संवाद गराउन, र नीति सुधारको लागि दबाब सिर्जना गर्न मिडिया सशक्त माध्यम हो । तर, नेपालको सन्दर्भमा जलवायु पत्रकारिता अझै प्राथमिकतामा परेको छैन । विशेषज्ञ स्रोतको अभाव, विज्ञ पत्रकारको कम संख्या, तथा विज्ञापनमुखी सञ्चार संस्कारले गहिरो र नियमित संवादको कमी रहेको छ ।

जलवायु परिवर्तन नेपालका लागि मात्र होइन, सम्पूर्ण विकासशील राष्ट्रका लागि साझा चुनौती हो । यस चुनौतीको सामना गर्न राज्य, समुदाय, नागरिक समाज, निजी क्षेत्र र मिडियाबीच सहकार्य अपरिहार्य छ । सञ्चार माध्यमले सूचनाको प्रवाह, जनचेतना र नीति संवादका माध्यमबाट जलवायु सम्वेदनशील विकासमा सकारात्मक भूमिका खेल्न सक्छ । केन्द्रदेखि स्थानीय तहसम्म संचार माध्यमको प्रयोग गर्दै लैजान क्षमता अभिवृद्धिदेखि अध्ययन अवलोकन गराएर जलवायु परिवर्तनले पार्ने असरबाट जोगाउन र हाम्रा राम्रा अभ्यास अरुलाई सुनाउन र बुझाउन सकिनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्फनुहोस् ।

# एक अर्बको जैमिनी नागरिक स्वास्थ्य उपचार कोष

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ असार

बागलुङको जैमिनी नगरपालिकाले 'जैमिनी नागरिक स्वास्थ्य उपचार कोष' स्थापना गरेको छ। एक अर्बको कोष बनाउने लक्ष्य रहेकामा कोषमा रु ५० लाख १० हजार जम्मा भइसकेको जैमिनी नगरपालिकाले जनाएको छ।

पालिकाभित्रका नागरिकको स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउनका लागि जैमिनी नगरपालिकाले रु एक अर्बको जैमिनी नागरिक उपचार कोष बनाउने लक्ष्यका साथ तीन वर्षअघि कोष घोषणा गरेको थियो । तीन वर्षअघि नगरपालिकाले रु १० लाख जम्मा गरेर घोषणा गरेको कोषमा गत वर्ष रु १५ लाख र यस वर्ष रु २५ लाख जम्मा गरिएको छ । कोषको ब्याजबाट नागरिकहरूको स्वास्थ्य उपचारका लागि सहायता प्रदान गर्ने लक्ष्यसहित कोष निर्माण थालिएको बताउँदै आगामी एक वर्षमै कोष वृद्धि भएर एक करोड पुऱ्याइने जैमिनी नगरपालिकाका नगर प्रमुख नरबहादुर पुनले बताउनुभयो । सामाजिक सुरक्षाको दृष्टिकोणबाट स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्नको लागि नगरपालिकाले कोष स्थापना गरेको पुनको भनाइ छ । "दीर्घरोगी र ठूलो धनराशि खर्च हुने रोगमा नगरपालिकाले नागरिकलाई उपचारमा सहयोग पुऱ्याउने लक्ष्य रहेको छ, उक्त कोषमा रु एक अर्ब जम्मा भएमा नगरभित्रका नागरिकलाई निःशुल्क उपचारमा सहयोग पुऱ्याउन सकिन्छ, कोषमा आम नागरिकले समेत सहयोग प्रदान गर्न सकिने छ", पुनले भन्नुभयो, "कोषमा पालिकाले बर्सेनि नीति तथा कार्यक्रममार्फत रकम थपिँदै लैजाने गरिएको छ, आगामी दिनमा रकम अभावमा उपचार गर्न नसकेर नागरिक मर्न नपर्ने हाम्रो चाहना छ।" कोषमा हालैमात्र नगरपालिकाका योजना शाखा प्रमुख प्रेमप्रसाद सापकोटाले जन्मदिनको खर्च कटाएर रु १० हजार सहयोग गर्नुभएको छ। सापकोटाले कोषको सकारात्मक सन्देश फैलाउन व्यक्तिगत रूपमा आफूले पहिलो योगदान गरेको बताउनुभयो। नगरपालिकालले कर्मचारी, जनप्रतिनिधि तथा सर्वसाधारणले समेत कोषमा योगदान गर्न आह्वान गरेको छ । क्यान्सर, मुटुरोग, मिर्गौलाजस्ता उपचारमा ठूलो खर्च लाग्ने रोगका लागि नगरपालिकाले कोषको ब्याजबाट सहयोग उपलब्ध गराउनेगरी नीति बनाउन लागेको छ।

# राष्ट्रिय कृष्ण भजन प्रतियोगिताको तयारी शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २१ असार

पोखराको शुक्ला साहित्य प्रतिष्ठानले आयोजना गर्ने राष्ट्रिय स्तरको कृष्ण भजन प्रतियोगिताको तयारी शुरु गरेको छ।

आगामी साउन ३१ गते श्री कृष्ण जन्माष्टमीको अवसरमा आयोजना हुने २६औं संस्करणको प्रतियोगितालाई सफल र व्यवस्थित बनाउन प्रतिष्ठानले पोखराका विभिन्न संघ संस्थासँग अन्तर्क्रिया एवं छलफललाई तीव्रता दिएको सचिव रामप्रसाद पौडेल घर्मेलीले जानकारी दिनुभयो। शनिवार प्रतिष्ठानले बाटुलेचौरमा त्यस क्षेत्रका विभिन्न संघ संस्थासँग अन्तर्क्रिया गरि सुझाव संकलन गरेको छ।

भेलामा पोखरा १६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले राष्ट्रिय कृष्ण भजन प्रतियोगिता यस क्षेत्रको गौरव भएको बताउँदै , सबै मिलेर भव्य,सभ्य र भक्ति भावका साथ सफल पार्नु पर्नेमा जोड दिनुभयो। वडाध्यक्ष तिमिल्सिनाले शुक्लाका हरेक कार्यक्रम हाम्रा पहिचान र परिचय भएको भन्दै, यसले यस क्षेत्रको गरिमालाई उच्च बनाएको बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष दुर्गादेवी बस्नेतको अध्यक्षतामा भएको सो कार्यक्रममा, पोखरा १९ का पुर्व वडाध्यक्ष शोभा मोहन पौडेल, प्रतिष्ठानका मानार्थ सदस्य संस्कृतिकर्मी रामबहादुर बानियाँ, पुर्व अध्यक्ष नेत्र बहादुर बानियाँ, पूर्व सल्लाहकार बेनी बहादुर बस्नेत, सल्लाहकार सुवास अधिकारी, बाटुलेचौर कालिलेक सहकारीका अध्यक्ष बसन्त तिमिल्सिना, पोखरा मन्टेश्वरीका निर्देशक थिर बहादुर थापा, बडहर बोट आमा समूहका उपाध्यक्ष गीता पौडेल लगायतले कृष्ण भजन प्रतियोगितालाई सफल बनाउन सबैको साथ र सहयोग रहनु पर्नेमा जोड दिए । प्रतिष्ठानका उपाध्यक्ष दिपेन्द्र बानियाँले यस पटक विभिन्न उपसमिति थप गरी कार्य क्षेत्र पनि विस्तार गरिएको बताउँदै, विभिन्न उपसमितिले तयारी शुरु गरेको जानकारी दिनुभयो ।

शुक्ला साहित्य प्रतिष्ठान राष्ट्रिय कृष्ण भजन २०८२ , महिला तथा सामाजिक संघ संस्था समन्वय उपसमितिका संयोजक शारदादेवी वस्नेतको संयोजकत्वमा भएको सो अन्तरकृया कार्यक्रममा प्रतिष्ठानका बरिष्ठ उपाध्यक्ष गीता भण्डारीले स्वागत र सचिव रामप्रसाद पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १८ प्याराग्लाइडिङ सम्बन्धी पूर्वाधार निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः प्याराग्लाइडिङ सम्बन्धी पूर्वाधार निर्माण
ठेगानाः पोखरा-१८, तोरीपानी, प्याराग्लाइडिङ टेक अफ
योजना सम्झौता मितिः २०८२/०१/२४ गते
योजना सम्पन्न मितिः २०८२/०३/२१ गते
योजनाको कुल लागतः रु.२५,००,०००|-
नेपाल पर्यटन वोर्डबाटः रु.२०,००,०००|-
महानगरपालिकाबाटः रु. १,२५,०००|-
उपभोक्ता समितिबाटः रु. ३,७५,०००|-
उपभोक्ता समिति अध्यक्षः माधव तिवारी
सम्पर्क नं.: ९८५६०३३६८३
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**प्याराग्लाइडिङ पूर्वाधार समिति**
**पोखरा-१८, तोरीपानी, प्याराग्लाइडिङ टेक अफ**

# मानुङकोटलाई पर्यटकीय ग्राम बनाइने

**कमल खत्री**
दमौली, २१ असार/रासस



तनहुँको व्यास नगरपालिका-५ स्थित पर्यटकीय गन्तव्यस्थल मानुङकोटलाई पर्यटकीय ग्राम बनाइने भएको छ । पछिल्लो समय पर्यटकको गन्तव्यस्थल बन्दै गएको मानुङकोटलाई व्यवस्थित बनाउने उद्देश्यसहित नगरपालिकाले पर्यटकीय ग्राम बनाउन लागेको हो ।

मानुङकोटको आकर्षणलाई व्यवस्थित गर्न एकीकृत जग्गा विकास आयोजना विस्तार गर्ने लक्ष्य लिइएको नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । मानुङकोटको मौलिक चरित्रलाई यथावत् राखी आधुनिक ढङ्गबाट विकासको अभियान सञ्चालनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित जग्गाधनीहरू र नगर विकास कोषसँग सहकार्य गरिने न्यौपानेले बताउनुभयो ।

न्यौपानेले भन्नुभयो, "मानुङका मगरहरूले जग्गा छोड्दै जाने र बाहिरबाट आएर जग्गा किने क्रम बढ्दै गइरहेको छ । त्यसैलाई मध्यनजर गर्दै मानहुँका जग्गाहरूलाई व्यवस्थापन गर्न खोजेका हौ ।" नगरपालिकाले मानुङकोटसँगै व्यास नगरपालिका-६ स्थित शिशाघाट नयाँ सहर आयोजनामा एकीकृत जग्गा विकास आयोजना विस्तार गर्ने लक्ष्य लिएको छ । मानुङकोट पछिल्लो समय दृश्यावलोकन केन्द्रको रूपमा विकास भइरहेको छ । यहाँबाट देखिने सूर्योदय र कुहिरोको दृश्यले पर्यटकलाई लोभ्याउने गरेको वडाध्यक्ष विष्णुकुमार श्रेष्ठको भनाइ छ । राति बास बसेर बिहानै सूर्योदय र कुहिरो हेर्न आन्तरिक पर्यटक आउने गरेको होटल व्यवसायी चूडामणि दाहालले उल्लेख गर्नुभयो । मानुङकोटमा पर्यटक उक्लिने क्रम बढेपछि यहाँ होटल खुल्ने क्रम बढेको छ । विगतमा होटल समेत नरहेको यस ठाउँमा अहिले एक दर्जन होटल खुलिसकेका छन् । दृश्यावलोकनका लागि व्यास नगरपालिकाले दृश्यावलोकन स्तम्भ निर्माण गरेको छ भने सुरक्षाका लागि डाँडाको छेउमा रेलिङ हालेको छ । रेलिङसँगैको भागमा हालै पैदलमार्ग निर्माण गरिएको छ । मानुङकोटबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्ण, मनास्लु, लमजुङ हिमालको दृश्यावलोकन गर्न सकिन्छ । दमौली बजारलाई कुहिरोले ढाक्नुलाई पौराणिक कथासँग पनि जोडिएको छ । परापूर्वकालमा महर्षि वेदव्यासका पिता पराशर ऋषिले सत्यवतीसँग सम्भोग गर्न इच्छा प्रकट गर्दा लोकलाई पत्तो नहोस् भनेर कुहिरो उत्पन्न गराइदिएको धार्मिक किंवदन्ती रहँदै आएको छ । मानुङकोटमा पर्यटक बढेपछि गाउँ छाडेर सहर झरेका पनि पुनः मानुङकोट उक्लिएर व्यवसाय गर्न थालेका छन् । खानेपानीको अभावमा यहाँका स्थानीयवासीले गाउँ छाडेका थिए । बजारको प्रशोधित जार र ट्याङ्करको पानीले मानुङकोटमा अहिले पानीको विकल्प दिइरहेको छ ।

मानुङकोट जाने सडक कालोपत्र भइसकेको छ । सहरी विकास मन्त्रालयको आर्थिक लगानीमा मानुङकोटसम्म पुग्ने सडक कालोपत्र गरिएको हो । अलैँचेबाट मानुङकोटसम्मको चार हजार ३०० मिटर सडक कालोपत्र भएको हो । कालोपत्र गर्न अप्ठ्यारो रहेको ठाउँमा १८० मिटर आरसिसी ढलान गरिएको छ ।

# मौरिस हर्गोज पदमार्गमा पर्यटकीय पूर्वाधार विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ असार

अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने म्याग्दीको मौरिस हर्जोग पदमार्गमा पूर्वाधार विस्तार भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले आश्रयस्थल, सार्वजनिक शौचालय, खानेपानी निर्माण, पदमार्ग मर्मत र समुन्द्री सतहदेखि चार हजार १०० मिटर उचाइमा रहेको आधार शिविरमा खुला सङ्ग्रहालय स्थापना गरेको हो । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण गर्ने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ । अन्नपूर्ण गाउँपालिकाको रु ६० लाख बजेटबाट उक्त पूर्वाधार निर्माण गरिएको वडा सदस्य श्याम पुर्जाले जानकारी दिनुभयो ।

फुटफुटे झरनामा चिया, खाजा पसल सञ्चालनका लागि आश्रयस्थल भवन, शौचालय निर्माण र खानेपानी व्यवस्थापन भएको छ । हुमखोलामा खानेपानी र शौचालय निर्माण भएको छ । गुफाफाँट र आधार शिविरमा एक/एक वटा शौचालय निर्माण भएका छन् ।

हुमखोलादेखि साधीखर्कसम्मको पदमार्गमा ढुङ्गा बिछ्याउने, अप्ठ्यारो ठाउँको पदमार्गको डिलमा रेलिङ राखिएको वडा सस्दय पुर्जाले जानकारी दिनुभयो । आधार शिविरमा हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका तीन सय जनाभन्दा आरोहीहरूको नाम उल्लेख गरेको ताम्रपत्र राखेर खुला सङ्ग्रहालय बनाइएको छ ।

सङ्ग्रहालयसँगै अन्नपूर्णका प्रथम आरोही फ्रान्सका नेपाली मौरिज हर्जोग, लुई लचेनल र नेपालका सोनाम वालुङ शेर्पाको सालिक राखिएको छ । पूर्वाधार विस्तार र मर्मतसँगै अन्नपूर्ण आधार शिविर घुम्न जाने पर्यटकलाई सहज भएको अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो ।

मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङदेखि दुई घण्टा गाडीमा यात्रा गरेपछि पुगिने हुमखोलादेखि दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ । छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको छ । सत्तरी वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउँदै विसं २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाइमा पहिचान भएको यो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा मौरिस हर्गोज नामारण र पदमार्ग सञ्चालन गरेको थियो ।

शान्त र एकान्त वातावरण, वन्यजन्तु, पक्षी, जङ्गल, अग्ला पहाडको खोच, फुटफुटे झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो ।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २८ माइपुजे काउबोट भिरगौडी सडक स्तरोन्नति कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः माइपुजे काउबोट भिरगौडी सडक स्तरोन्नती
ठेगानाः पोखरा-२८, कास्की
योजना सम्झौता मितिः २०८१/११/१३ गते
योजना सम्पन्न मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु. ९,४१,२९०|-
महानगरपालिकाबाटः रु. ८,००,०००|-
उपभोक्ताः रु. १,४१,२९०|-
उपभोक्ता समिति अध्यक्षः विनोदराज गौतम
सम्पर्क नं.: ९८५६०६५११९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**माइपुजे काउरोड भिरगौडे सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-२८**

